# मासिक प्रतिवेदन

वालिङ नगरपालिकाको कार्यालय
कृषि विकास शाखा
वालिङ, स्याङ्जा

**२०७६ मंसिर महिनामा गरिएका मुख्य कृयाकलापहरु :**

- वा.न.पा. ९ स्थित वालिङ साना किसान कृषि सहकारी संस्थाका सदस्यहरु (२४ जना )लाई आलु लगाउने, मलखाद राख्ने, सिंचाई गर्ने तरिका साथै डढुवा रोग नियन्त्रणको उपाएबारे जानकारी दिई सहयोग पुर्याईएको ।
- धानवालीमा कालो पोके रोग लागेको भनि निवेदन आएकोले वा.न.पा. १४ पनियारे, तिवारी पसल लगाएत अन्य स्थानमा अनुगमनमा गई अनुगमन गरी कृषकहरुसंग विस्तृत छलफल गरी रोकथामका उपायाहरु बुझाउने कार्य गरिएको भने वा.न.पा. कार्यलयमा रिर्पोट लेखी बुझाइएको । प्रदेश निर्देशनालय र कृषि ज्ञान केन्द्रमा रिर्पोट पठाईएको ।
- धानवालीमा बाला नपसाएको भनि निवेदन आएकोले वा.न.पा. १३ कतौजेमा अनुगमनमा गई अनुगमन गरी कृषकहरुसंग विस्तृत छलफल गरी ८० रोपनीमा रोकथामका उपायाहरु बुझाउने कार्य गरिएको भने वा.न.पा. कार्यलयमा रिर्पोट लेखी बुझाइएको । प्रदेश निदेशनालय र कृषि ज्ञान केन्द्रमा रिर्पोट पठाईएको ।
- धानवालीमा कालो पोके रोग लागेको भनि समस्या आएकोले वा.न.पा.९ पिपलटारीमा अनुगमनमा गई अनुगमन गरी कृषकहरुसंग विस्तृत छलफल गरी रोकथामका उपायाहरु बुझाउने कार्य गरिएको ।
- वा.न.पा. १४ पेखुथाना स्थित हिमशिखर कृषक समूहका सदस्यहरु ( ३२ जना )लाई कन्य तथा सिताके च्याउ खेतीवारे जानकारी साथै व्यावहारिक रुपमै सिताके र कन्य च्याउको बीउ रोप्ने तरिका सिकाई सहयोग पुर्याईएको ।
- वा.न.पा. ९ भैसीखोलाका बुद्धि सागर पराजुलीले लगाउनु भएका ३ रोपनी (१४० वटा) कागती खेतीमा गुमोसिस ढुसी रोग लागेकोले अवलोकन तथा आवश्यक सल्लाह दिईएको ।
- वा.न.पा. २ सिप तालिम कृषि तथा उद्यम विकास द्वारा आर्थिक ससत्तिकरण परियोजनामा कृषि उद्यमी तथा सरोकारवालाहरु (९६ जना सदस्यहरु ) को लागि तालिम तथा अन्तरकिया कार्यकममा सहभागि भएको ।
- वा.न.पा. ८ को भिमटारीमा १ जना र वा.न.पा. १० को बर्तुङमा ३ जना भकारो सुधार निवेदनको कार्यकमको अनुगमन गरिएको ।
- वा.न.पा. ७ पैदी ( २ जना ), केवरे बनकट्टा ( १ जना )को भकारो सुधार निवेदनको कार्यकमको अनुगमन गरिएको ।
- वा.न.पा. १४ को फौदीखोलामा १६ जनाको भकारो सुधार निवेदनको कार्यकमको अनुगमन गरिएको ।
- वा.न.पा. १४ को तिवारीपसल ( ७ जना ), तिवारीडाँडा ( १ जना ), पाण्डेखोला ( १ जना ), भङ्गेनी ( ४ जना ), चालिस ( २ जना ), अर्बौदी ( १ जना ) मा भकारो सुधार निवेदनको कार्यकमको अनुगमन गरिएको ।
- वा.न.पा. १४ को हुल्काङ ( १ जना ) र शिर्वानी ( ३ जना )मा भकारो सुधार कार्यकमको अनुगमन गरिएको ।
- ४५औ बोर्ड बैठकमा कृषि विकास शाखामा आएका निवेदनहरु पेश गर्ने कार्य गरिएको ।
- सानासिचांई कार्यक्रममा निवेदन दिएका कृषक समुह/सहकारीहरु जुनतारा महिला बहुउद्देश्यीय स.सं. वा.न.पा. ९, चालिसे कृषक समूह वा.न.पा.१४ , अत्री पशु एण्ड उएग्रो भिलेज कृषक समह वा.न.पा. १२, कान्छी मनकामना कृषक समुहमा सिचांई प्रारम्भिक सर्भेक्षण सम्पन्न गरिएको ।

- कृषकबाट आएका निवेदन संकलन गरिएको जसमा सुन्तला कागती विरुवा माग ३ वटा, साना सिचाई माग १ वटा, लेमनग्रासको बिउ माग १ वटा, प्राविधिक सेवा उपलब्ध माग ३ वटा, चार्जर स्प्रे माग १ वटा, हाईटेक नर्सरी निर्माणका लागि रकम माग १ वटा, विभिन्न कृषि औजार एव्म तालिमको ब्यवस्था माग १ वटा, टनेल उपलब्ध माग १ वटा, तारजाली र पाइप उपलब्ध माग १ वटा, हातेट्याक्टर माग १ वटा संकलन गरिएका र आवश्यक सल्लाहा दिइएको ।
- यस कार्यलयबाट घरेलु तथा साना उद्योग विकास समितिलाई फर्म दर्ताका लागि ६ वटा सिफारिस दिईएको ।
- ONM बैठकमा सहभागी भई कृषि विकास शाखाको कर्मचारीहरुले के के कति कति काम गर्दैआएको छ विवरण लेख्ने कार्य गरिएको ।
- सिप तालिम कृषि तथा उद्यम विकास द्धारा आर्थिक ससत्तिकरण परियोजनाको लागी ११ वटा तालिम विषय निर्माण गरीएको ।
- वडा नं १० को कृषक अवलोकन भ्रमण कार्यक्रमको सेडुअल निर्माण तथा कार्यलय र फमहरुमा कम्पर्क गरिइएको ।
- धान वालिको २ वटा क्रप कटिङ गरि डाटा लिने कार्य सम्पन्न भएको । संगिता रेग्मी वा.न.पा. १ खहरमो राम धान जातको ७.६३० ग्राम र राजेन्द्र रेग्मी वा.न.पा. १ त्रियासीमा शान्ती धान जातको ८.७०० ग्राम/प्रति रोपनी उत्पादन भएको ।
- सुन्तलाजात फलफुलमा देखिएका समस्या समाधानको लागी राष्ट्रिय रणनिती तयार गर्न राष्ट्रिय कार्यशाला गोष्ठी २०७६/७/१५ र १६ गते वा.न.पा. ४ एलाडीमा सहभागी भई रिर्पोट लेखी बुझाइएको।
- Mushroom TOT training मा १ जना सहभागी भईएको ।
- एकिकृत खाद्यतत्व ब्यावस्थापन तालिम ( ६ दिने )मा १ जना सहभागी भईएको ।
- ब्यावसायिक तरकारी नर्सरीमा काउली, वन्दाका विरुवा ( ८००० वटा )को पात खाएको अनुगमन गर्न अनुरोधमा वा.न.पा. ६ लालुपातेका ब्यावसायिक कृषक रेशमलाल रेग्मीको नर्सरी अनुगमन गरी इटबुट्टे पुतलीको पहिचान गरी आवश्यक सल्लाहा प्रदान गरी किराको रोकथाम भएको ।
- यो महिनामा कार्यालयमा आएका ९४ जना सेवाग्राहीहरुलाई आवश्यक प्राविधिक सल्लाह सुझावहरु दिईएको ।

  तपसिल :
  - अन्य पुरुष - ६३ जना
  - अन्य महिला - ०९ जना
  - जनजाति पुरुष - १५ जना
  - जनजाति महिला - ०५ जना
  - दलित पुरुष - ०१ जना
  - दलित महिला - ०१ जना

  जम्मा ९४ जना

प्रतिवेदक :

..............................

केश बहादुर थापा

कृषि विकास शाखा

कृषि शाखा प्रमुख

२०७६/१०/३